नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

श्रम संसार प्रणालीको श्रम सेवामा आबद्ध हुने सम्बन्धी सूचना!!!

आन्तरिक रोजगारीका अवसरहरूको पहिचान, सिर्जना तथा प्रवर्द्धन गर्दै श्रम बजारलाई व्यवस्थित, पारदर्शी र प्रविधिमैत्री बनाउने उद्देश्यले युवा, श्रम तथा रोजगार मन्त्रालयबाट श्रम संसार प्रणाली विकास गरी सञ्चालनमा ल्याइएको छ। यस प्रणालीमार्फत रोजगारीको खोजीमा रहेका व्यक्ति, रोजगारदाता तथा सीपयुक्त जनशक्तिबीच सूचना, अवसर र आवश्यकताको प्रभावकारी संयोजन गरी श्रम बजारमा उपलब्ध जनशक्तिको सीप, क्षमता र दक्षताको अधिकतम उपयोग गर्ने लक्ष्य लिइएको छ। श्रम संसार प्रणालीलाई समग्र श्रम बजारको एकीकृत डिजिटल प्लेटफर्मका रूपमा विकास गर्ने क्रममा रोजगारीको खोजीमा रहेका व्यक्ति तथा रोजगारदाताका अतिरिक्त प्लम्बर, इलेक्ट्रिसियन, सिकर्मी, डकर्मी, पेन्टर, टायल तथा मार्बल फिटिङ, एसी तथा विद्युतीय उपकरण मर्मतसम्भारलगायत विशेषज्ञता, सीप तथा व्यावसायिक दक्षता आवश्यक पर्ने विभिन्न सेवा प्रदान गर्ने व्यक्ति, फर्म, कम्पनी तथा संस्थाहरूलाई समेत प्रणालीमा आबद्ध गराउने मन्त्रालयको उद्देश्य रहेको छ।

यसरी सेवा प्रदायकहरूको सीप, दक्षता, अनुभव, सेवा, कार्यक्षेत्र तथा उपलब्धतासम्बन्धी विवरणलाई एकीकृत रूपमा अभिलेखीकरण गरी सेवाग्राहीलाई आवश्यकताअनुसार उपयुक्त सेवा प्रदायकको पहिचान, खोजी तथा छनोट गर्न सहज हुने र सेवा प्रदायकलाई आफ्नो सीप तथा सेवाको बजार विस्तार गर्ने अवसर प्राप्त हुने अपेक्षा गरिएको छ। साथै, सीपमा आधारित व्यक्तिगत सेवा तथा व्यावसायिक क्रियाकलापलाई औपचारिक श्रम बजारसँग आबद्ध गर्दै स्वरोजगारी, उद्यमशीलता तथा आन्तरिक रोजगारीको प्रवर्द्धनमा योगदान पुऱ्याउने विश्वास लिइएको छ। अतः प्रचलित कानुनबमोजिम सम्बन्धित निकायमा दर्ता भएका तथा सेवा सञ्चालनका लागि आवश्यक इजाजतपत्र वा अनुमति प्राप्त गरेका इच्छुक सेवा प्रदायक व्यक्ति, फर्म, कम्पनी तथा संस्थाहरूलाई श्रम संसार प्रणालीमा आबद्ध भई आफूले प्रदान गर्ने सेवा, सीप, दक्षता, कार्यक्षेत्र तथा सम्पर्क विवरण अद्यावधिक गर्न यसै सूचनामार्फत हार्दिक आह्वान गरिन्छ।

रोजगार प्रवर्द्धन, सीप विकास, व्यावसायिक परामर्श, रोजगार सहजीकरण, उद्यमशीलता विकास तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको सामाजिक तथा आर्थिक पुनःएकीकरणलगायतका क्षेत्रमा सेवा प्रदान गर्दै आएका योग्य संस्था/निकायहरूलाई श्रम संसार पोर्टलमा उपलब्ध **'सेवा प्रदायक दर्ता'** सुविधामार्फत आफ्नो संस्थाको विवरण देहाय बमोजिम दर्ता गरी प्रणालीमा आबद्ध हुन हार्दिक अनुरोध गरिन्छ।

दर्ता गर्ने प्रक्रिया:

१. वेब ब्राउजरबाट *https://shramsansar.gov.np* खोल्नुहोस्।

२. पोर्टलमा उपलब्ध दर्ता (Sign Up) विकल्पमा गई सेवा प्रदायक (Service Provider) को भूमिका/प्रकार छनोट गर्नुहोस्।

३. संस्थाको नाम, ठेगाना, सम्पर्क विवरण, सेवा/कार्य क्षेत्र, जिम्मेवार व्यक्तिको विवरणलगायत माग गरिएका विवरणहरू सही र पूर्ण रूपमा भर्नुहोस्।

४. पोर्टलले माग गरेका आवश्यक कागजात तथा प्रमाणपत्रहरू स्पष्ट रूपमा अपलोड गर्नुहोस्।

५. पेश गरिएका विवरण अद्यावधिक भएपश्चात दर्ता भएका सेवा प्रदायकहरु प्रणालीमार्फत सेवा प्रदान गर्न सकिनेछ।

६. प्रणालीमा दर्ता भएका सम्पूर्ण सरोकारवालाहरुले श्रम संसार प्रणाली (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८३ बमोजिम जिम्मेवारी वहन गर्नु पर्नेछ।

थप जानकारीको लागि:

सम्पर्क व्यक्ति: इन्द्र नारायण यादव, कम्प्युटर इन्जिनियर
इमेल: info@moless.gov.np
सम्पर्क नम्बर: 9865834075
युवा, श्रम तथा रोजगार मन्त्रालय, सिंहदरबार, काठमाडौँ।

२०८३।०८।१९
कम्प्युटर इन्जिनियर